
## क्षयरोग (TB) के हो?

क्षयरोग (TB) एक प्रकारको ब्याक्टेरियाबाट हुने सरुवा रोग हो। क्षयरोग लागेको व्यक्ति (जसले औषधी खान शुरु गरेको छैन।) ले खोक्दा हाच्छिउँ गर्दा हावाको माध्यमबाट अर्को निरोगी व्यक्तिमा सर्ने गर्दछ। यो रोग छिट्टै तथा सजिलै संग फैलिने रोग मात्र नभई यो एउटा प्राण घातक रोग पनि हो। तर नियमित औषधी सेवन तथा समयमै उपचार गराउँदा यो रोग निको हुन्छ।



## क्षयरोग (TB) लागेका व्यक्तिहरुका अधिकारहरू:

- मानबताको अधिकार: भेदभाव र लान्छनाबाट मुक्त भई सम्मानपूर्वक बाँच्नुहोस्।
- सूचनाको अधिकार: क्षयरोगका (TB) साथै निदान तथा उपचारका विकल्पहरूको बारेमा सहि तथा पूर्ण सुचना प्राप्त गर्नुहोस्।
- स्वास्थ्य सेवाको अधिकार: क्षयरोग सम्बन्धी नि: शुल्क परामर्श, निदान तथा उपचारका सेवाहरू प्राप्त गर्नुहोस्।
- गोपनीयता को अधिकार: तपाईंको व्यक्तिगत तथा चिकित्सकीय बिवरण गोप्य रहछन्।
- समर्थनको अधिकार: उपचार पूर्व र उपचार पश्चात मानसिक तथा सामाजिक सहायता प्राप्त गर्नुहोस्।

## उपलब्ध सेवाहरू:

१. केश पहिचान: नि:शुल्क जाँच र निदान परीक्षणहरू।
२. उपचार: नि:शुल्क औषधि र सम्पूर्ण उपचार योजनाहरू।
३. प्रेषण सेवाहरू: विशेष हेरचाह र प्रभावकारी प्रेषण।
४. सहायता: पोषण, मानसिक सेवा, र समुदाय आधारित सहायता सेवाहरु।

## क्षयरोग (TB) सम्बन्धि सेवाहरू कहाँ पाईन्छ ?

१. सरकारी स्वास्थ्य संस्थाहरु : आधारभूत स्वास्थ्य संस्थाहरु, स्वास्थ्य चौकीहरु, प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरू, स्वास्थ्य सेवा केन्द्रहरु, स्थानीय, जिल्ला, प्रादेशिक तथा केन्द्रिय अस्पतालहरुबाट।
२. विशेष क्षयरोग क्लिनिकहरू: प्रमुख शहरहरुमा अवस्थित विशेष उपचार केन्द्रहरू, डट्स सेन्टरहरु, क्षयरोग उपचार केन्द्रहरु मार्फत।
३. समुदायिक कार्यक्रमहरू: आउटरिच सेवाहरू र घुम्ती क्लिनिकहरु, स्वास्थ्य शिविर र शहरी स्वास्थ्य केन्द्रहरुबाट।

## क्षयरोग (TB) पहिचान गर्ने चरणहरू:

१. लक्षणहरूको पहिचान गर्ने : जस्तै निरन्तर खोकी, ज्वरो आउने, राति पसिना आउने, तौल घट्ने, थकान हुने।
२. स्वास्थ्य संस्था जानुहोस्: जाँचको लागि नजिकैको स्वास्थ्य चौकी वा अस्पतालमा जानुहोस्।
३. निदात्मक परीक्षण गर्ने: खकार परीक्षण, छातीको एक्स-रे, जिन्-एक्पर्ट विधिबाट परीक्षण।


## क्षयरोग (TB) उपचारका चरणहरू:


१. निदान मार्फत रोगको पुष्टि: स्वास्थ्यकर्मीहरुबाट प्रदान गरिएको उपचार योजनाको पालना गर्नुहोस्।
२. उपचार अनुपालन: औषधिको पूर्ण मात्रा पुरा गर्नुहोस् (६-९ महिना)।
३. नियमित फ्लोअप: उपचारमा सुधारको अनुगमन गर्नका लागि निर्धारित समयमा चेक-अप सहभागी हुनुहोस्।
४. सहयोग संजाल: भावनात्मक र मनोबैज्ञानिक सहयोगको लागि सहयोग समूहहरूमा सामेल हुनुहोस्।

## लान्छना र भेदभाव अन्य गर्न:

- आफ्नो समुदायलाई शिक्षित गर्नुहोस्: सचेतन मार्फत लान्छना र भेदभाव कम गर्नुहोस्।
- सहयोगी वातावरण सिर्जना गर्नुहोस् : क्षयरोगका (TB) बिरामीहरूले सुरक्षित महसुस गर्ने समुदायलाई बढावा दिनुहोस्।
- नीति पैरवी गर्नुहोस्: क्षयरोगका (TB) बिरामीहरूको अधिकारहरू संरक्षण गर्ने नीतिहरु निर्माणमा सहयोग गर्नुहोस्।

### आजै (TB) क्षयरोग सेवा पहुँच गर्नुहोस्




### क्षयरोग (TB) पराजित गर्ने कदमहरू:पहिचान, उपचार, समर्थन



*"क्षयरोग सँग मिलेर लडौं! समयमा नै कदम चालौं र सहयोग खोजौं!"*

नोट: "यो पुस्तिका केवल जानकारीका लागि हो। चिकित्सकीय सल्लाहको लागि स्वास्थ्य सेवा प्रदायकसँग परामर्श गर्नुहोस्।"



# " क्षयरोग (TB) भएका व्यक्तिहरुको अधिकार तथा सेवा सम्बन्धी जानकारी"

ACT Nepal
Affected Community By TB


TRISHULI PLUS+
Community Action Group


मुख्य कार्यालय : बिदुर - २, नुवाकोट
शाखा कार्यालय: टोखा - १०, सामाखुसी, काठमाडौं
धनगढी, हसनपुर, कैलाली
०१०-५६०७२७ (नुवाकोट), ०१-४९८७३८ (टोखा),
०९१-५२०३१०(धनगढी)
info@trishuliplus@org.np, trishuliplus@yahoo.com


Stop TB Partnership

## What is TB?

Tuberculosis, a disease caused by bacteria, can spread quickly and easily through the air. When someone with untreated tuberculosis coughs or sneezes, they can pass the infection to a healthy person. Although it is a serious and potentially fatal disease, tuberculosis can be cured with regular medication and proper treatment.



## Your Rights as a TB Survivor:

- Right to Dignity: Be treated with respect, free from discrimination and stigma.
- Right to Information: Access accurate information about TB and treatment options.
- Right to Health Services: Receive free diagnostic and treatment services.
- Right to Privacy: Your medical information is confidential.
- Right to Support: Access psychological and social support during and after treatment.

## Available TB Services:

1. Case Detection: Free screening and diagnostic tests.
2. Treatment: Free medication and comprehensive treatment plans.
3. Referral Services: Specialized care and efficient referral system.
4. Support Services: Nutritional, psychological, and community-based support.

## Where to Access Services:

1. Public Health Facilities: District hospitals, primary health care centers, health posts.
2. Dedicated TB Clinics: Specialized treatment centers in major cities.
3. Community Programs: Outreach services and mobile clinics.

## Steps for TB Case Detection:

1. Symptoms Identification: Persistent cough, fever, night sweats, weight loss, fatigue.
2. Visit Health Facility: Go to the nearest health post or hospital for a check-up.
3. Diagnostic Tests: Sputum test, chest X-ray, GeneXpert test.


## Steps for TB Treatment:


1. Diagnosis Confirmation: Follow the treatment plan provided by the healthcare provider.
2. Treatment Adherence: Complete the full course of medication (6-9 months).
3. Regular Follow-ups: Attend scheduled check-ups to monitor progress.
4. Support Networks: Join support groups for emotional and psycho-logical support

## Overcoming Stigma and Discrimination:

- Educate Your Community: Reduce stigma through awareness.
- Supportive Environment: Foster a community where TB patients feel safe.
- Policy Advocacy: Support policies that protect TB patients' rights.

## Access TB Services Today



## Steps to Beat TB: Detection, Treatment, Support"



*"Combat TB Together! Act Early and Seek Assistance!"*

Disclaimer: "This brochure is for informational purposes only. Consult a healthcare provider for medical advice."



# "Know Your Rights TB Survivors"

ACT Nepal
Affected Community By TB

TRISHULI PLUS+
Community Action Group

Head Office : Bidur-2, Nuwakot
Branch Office: Tokha-10, Samakhushi,Kathmandu
Dhangadhi-, Hasanpur, Kailali
010-560727 (Nuwakot), 01-498738 (Tokha), 091-520310(Dhangadhi)
info@trishuliplus@org.np, trishuliplus@yahoo.com

Stop TB Partnership